कानेपोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको बैठकमा पेश गरिएको प्रस्ताव सम्बन्धी विवरण

बैठक संख्या र मितिः २/०२/२०७८/०७९, मिति २०७९।०३।०८ गते

| प्रस्तावको विषय | प्रस्ताव नं. | अध्यक्ष ज्यूबाट स्वीकृत मिति |
|---|---|---|
| स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आ.व. २०७९।०८० का लागि कायम गरेको विषयक्षेत्रगत बजेट सहितको कुल बजेट सीमालाई कायम गर्ने। | १ | |
| गाउँ सभा अधिवेशनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने। | २ | |
| कानेपोखरी गाउँपालिकाको विनियोजन विधेयक, २०७९ लाई गाउँ सभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने। | ३ | |
| कानेपोखरी गाउँपालिकाको आर्थिक विधेयक, २०७९ लाई गाउँ सभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने। | ४ | |
| रकमान्तर गर्नेः<br>१. हेफर प्रोजेक्ट इन्टरनेशनल नेपालसँग कृषि सम्बद्ध कार्यक्रममा साझेदारी शीर्षकबाट धानको बीउ वितरण र विविध कार्यक्रम शीर्षकमा क्रमशः पाँच र दश प्रतिशत रकम रकमान्तर गर्ने।<br>२. आ.व. २०७७/०७८ मा सम्झौता भई कोभिड १९ का कारण सम्पन्न हुन नसकी क्रमागत रुपमा रहेका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकी शीर्षकबाट प्रकोप व्यवस्थापन कोष र मर्मतसम्भार कोषमा साढे बाह/साढे बाह प्रतिशत रकम रकमान्तर गर्ने। | ५ | |
| गाडी मर्मतको बिल भुक्तानी गर्ने। | ५ | |
| प्रकोप व्यवस्थापन कोषबाट राहत उपलब्ध गराउनेः<br>१. भोजकुमार राई घर पश्चिम चिसाङ खोला तटबन्धन उपभोक्ता समिति र परिवर्तित टोल पश्चिम चिसाङ खोला तटबन्ध उपभोक्ता समितिले सञ्चालन गरेको आयोजनामा बाढीले पुर्याएको क्षतिमा राहत उपलब्ध गराउने।<br>२. अन्य राहत। | ६ | |
| सम्भावित प्रकोप रोकथाम तथा नियन्त्रणका लागि प्रकोप व्यवस्थापन कोषबाट योजना सञ्चालन गर्ने। | ७ | |

(राजमती ईङ्नाम)
गाउँपालिका अध्यक्ष

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०७९।०३।०७ मा जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष | १ नं. वडा अध्यक्ष | २ नं. वडा अध्यक्ष | ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष | ५ नं. वडा अध्यक्ष | ६ नं. वडा अध्यक्ष | ७ नं. वडा अध्यक्ष

गाउँ कार्यपालिकाका सदस्यहरुः

पदम कुमारी कार्की | साउनी माझी | सुशिला श्रेष्ठ | प्रमिला परियार | झपटु राजवंशी | सुफल मुर्मु

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०२/२०७८/०७९

निर्णय नं. (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०७८।०२।३० गते बसेको बैठकले कानेपोखरी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९।०८० का लागि कायम गरेको रु. ५७ करोड ५२ लाख ३८ हजार रुपैंया बराबरको कुल आय र कुल व्यय अनुमान (सशर्त, समपूरक र विशेष अनुदान सहित) का विषयमा यस बैठकमा जानकारी भयो र उक्त आय तथा व्यय अनुमानलाई नै स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

कुल आय तर्फ-

| सि.नं. | आय शीर्षक | अनुमानित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान (नेपाल सरकार) | १४५७००.० | |
| २ | राजस्व बाँडफाँड (नेपाल सरकार) | ९८७३५.० | |
| ३ | वित्तीय समानीकरण अनुदान (प्रदेश सरकार) | ८०१५.० | |
| ४ | राजस्व बाँडफाँड (प्रदेश सरकार) | ५०३०.० | |
| ५ | रोयल्टी बाँडफाँड (नेपाल सरकार) | ५००.० | |
| ६ | घरजग्गा रजिष्ट्रेशन बाँडफाँड (मालपोत) | १५०००.० | |
| ७ | दहत्तर बहत्तर बाँडफाँड (प्रदेश सरकार) | १००००.० | |
| ८ | आन्तरिक आय (बैंक मौज्दात सहित) | २९४९६.० | |
| | जम्मा (क) | ३१२४७६ | |
| ९ | सशर्त अनुदान (नेपाल सरकार) | २२४००० | |
| १० | सशर्त अनुदान (प्रदेश सरकार) | ७६२ | |
| ११ | समपूरक अनुदान (नेपाल सरकार) | ८००० | |
| १२ | समपूरक अनुदान (प्रदेश सरकार) | १०००० | |
| १३ | विशेष अनुदान (नेपाल सरकार) | २०००० | |
| | जम्मा (ख) | २६२७६२ | |
| | कुल आय जम्मा (क+ख) | ५७५२३८ | |

व्यय तर्फ-

| सि.नं. | व्यय शीर्षक | अनुमानित रकम (रु.हजार) | कैफियत |
|---|---|---|---|
| १ | गाउँ कार्यपालिका चालु खर्च | ७२५०० | 23.20 |
| २ | आर्थिक विकास तर्फ | ३०७५० | 9.84 |
| ३ | सामाजिक विकास तर्फ | ६६६७६ | 21.34 |
| ४ | पुर्वाधार विकास तर्फ | ८०१०० | 25.63 |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन तर्फ | १६७०० | 5.34 |

मिति २०७९।०३।०८ गते बसेको कानेपोखरी गाउँ कार्यपालिकाको बैठकको उपस्थिति र निर्णय

| | | | |
|---|---|---|---|
| ६ | संस्थागत विकास तथा सेवा प्रवाह तर्फ | १०१५० | 3.25 |
| ८ | वडागत सिलिङ (७ वटै वडा) | ३५६०० | 11.39 |
| | जम्मा (क) | ३१२४७६ | 100.00 |
| ९ | सशर्त अनुदान (नेपाल सरकार) | २२४००० | |
| १० | सशर्त अनुदान (प्रदेश सरकार) | ७६२ | |
| ११ | समपूरक अनुदान (नेपाल सरकार) | ८००० | |
| १२ | समपूरक अनुदान (प्रदेश सरकार) | १०००० | |
| १३ | विशेष अनुदान (नेपाल सरकार) | २०००० | |
| | जम्मा (ख) | २६२७६२ | |
| | कुल व्यय जम्मा (क+ख) | ५७५२३८ | |

निर्णय नं. (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मार्गदर्शन बमोजिम सोही ऐनको दफा ६७ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०७९।०३।०७ गते बसेको बैठकबाट आगामी आर्थिक वर्ष २०७९।०८० का लागि मस्यौदा तयार भएको ९९ बुँदें नीति तथा कार्यक्रम गाउँपालिका अध्यक्ष ज्यू मार्फत् यस बैठकमा जानकारी भयो र, उक्त ९९ बुँदें नीति तथा कार्यक्रम यस बैठकबाट सर्वसम्मतरुपमा पारित गर्दै भोलि मिति २०७९।०३।०९ गते दिउँसो ३.०० बजे बस्ने गरी आव्हान भएको कानेपोखरी गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकमा स्वीकृतीका लागि पेश गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

(९९ बुँदें नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरे बमोजिम यसैसाथ संलग्न छ)

निर्णय नं. (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले सोही ऐनको दफा ६६ मा व्यवस्था भएको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मार्गदर्शन एवम् बजेट सिलिङ बमोजिम मस्यौदा तयार भई गाउँपालिकाका अध्यक्ष ज्यू समक्ष पेश गरेको कानेपोखरी गाउँपालिकाको विनियोजन विधेयक, २०७९ को मस्यौदा उपर यस बैठकमा दफाबार छलफल भयो र भोलि मिति २०७९।०३।०९ गते बस्ने कानेपोखरी गाउँपालिकाको १२ औं गाउँ सभा अधिवेशनको पहिलो बैठकमा पेश हुने ९९ बुँदें नीति तथा कार्यक्रम उपर कुनै सुझाव प्राप्त हुन आएमा उक्त विषय समेतलाई केही हदसम्म समेट्ने व्यवस्था मिलाउने गरी पारित हुने नीति तथा कार्यक्रम बमोजिम पुनः मस्यौदामा छलफल गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। पुनश्चः उक्त विधेयक स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको समयसीमा भित्रै गाउँ सभा अधिवेशनमा पेश गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

(विनियोजन विधेयक, २०७९ बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरे बमोजिम संलग्न छ)

निर्णय नं. (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा व्यवस्था भएको कानेपोखरी गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिको मिति २०७९।०३।०६ गते बसेको बैठकले आगामी आर्थिक वर्ष २०७९।०८० का लागि सोही ऐनले निर्धारण गर्ने क्षेत्राधिकारभित्र गाउँपालिकाले लगाउन सक्ने कर तथा गैर करको दर र दायरा सम्बन्धी विषय समावेश गरी तयार गरेको कानेपोखरी गाउँपालिकाको आर्थिक

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०२/२०७८/०७९

विधेयक, २०७९ का विषयमा यस बैठकमा जानकारी भयो र उक्त विधेयक १२ औं गाउँ सभा अधिवेशनमा स्वीकृतीका लागि पेश गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।
(विस्तृत विवरण स्थानीय राजस्व परामर्श समितिले तयार गरे बमोजिमकै आर्थिक विधेयक, २०७९ मा संलग्न छ)

निर्णय नं. (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा चालु आर्थिक वर्षका लागि स्वीकृत बजेट शीर्षक (बचत) बाट नपूग हुन आउने बजेट शीर्षकमा देहाय बमोजिम रकमान्तर गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

- हेफर प्रोजेक्ट इन्टरनेशनल नेपालसँग कृषि सम्वद्ध कार्यक्रममा साझेदारी शीर्षकबाट धानको बीउ वितरण र विविध कार्यक्रम शीर्षकमा क्रमशः पाँच र दश प्रतिशत रकम रकमान्तर गर्ने।
- आ.व. २०७७/०७८ मा सम्झौता भई कोभिड १९ का कारण सम्पन्न हुन नसकी क्रमागत रुपमा रहेका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकी शीर्षकबाट प्रकोप व्यवस्थापन कोष र मर्मतसम्भार कोषमा साढे बाह्र/साढे बाह्र प्रतिशत रकम रकमान्तर गर्ने।

निर्णय नं. (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा गाउँपालिकाको स्वामित्वमा रहेको देहायमा उल्लिखित सवारीसाधनको विभिन्न पार्टपुर्जा फेरबदल, मर्मत तथा सर्भिसिङमा विभिन्न मितिमा भएको कार्यादेशका विषयमा यस बैठकमा जानकारी भयो। र, उक्त कार्यादेश तथा सम्बन्धित फर्म मार्फत् पेश हुन आएको तपसिल बमोजिमको रकम भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र विगतमा भएको खर्चको अनुमोदन समेत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

| सि.नं. | सवारीसाधनको नम्बर | मर्मत गर्ने फर्मको नाम र पेश गरेको भ्याट बिल नं. | मर्मत गर्दा खर्च भएको रकम | कैफियत |
|---|---|---|---|---|
| १. | बा १ झ ८४८३ | सुगम ट्रेडर्स, इटहरी ५, सुनसरीको भ्याट बिल नं. १९९ | रु. १,१२,७९२।०० | |
| २. | बा १ झ ८४८३ | सुगम ट्रेडर्स, इटहरी ५, सुनसरीको भ्याट बिल नं. १७९ | रु. १,४०,०२५।०० | |
| ३. | को १ झ ५५७ | सुगम ट्रेडर्स, इटहरी ५, सुनसरीको भ्याट बिल नं. १९४ | रु. ८४,०४४।८८ | |
| ४. | को १ झ ५५७ | आशिष सर्भिसिङ सेण्टर, इटहरी ५, सुनसरीको भ्याट बिल नं. ५३५ | रु. १७,१५१।०० | विगतमा भएको खर्च अनुमोदन |
| ५. | को १ झ ५५७ | सरु सर्भिसिङ सेन्टर, इटहरी ५, सुनसरीको भ्याट बिल नं. ७१ | रु. १६,६९९।०० | विगतमा भएको खर्च अनुमोदन |
| ६. | बा १ झ ८४८३ | सरु सर्भिसिङ सेण्टर, इटहरी ५, सुनसरीको भ्याट बिल नं. ६१ र ६३ | रु. ४३,६३२।०० र रु. २,९३८।०० | विगतमा भएको खर्च अनुमोदन |
| ७. | बा १ झ ८४८३ | सरु सर्भिसिङ सेण्टर, इटहरी ५, सुनसरीको भ्याट बिल नं. ३२९ | रु. ४,०६५।०० | विगतमा भएको खर्च अनुमोदन |
| ८. | को १ झ ५५७ | सरु सर्भिसिङ सेण्टर, इटहरी ५, सुनसरीको भ्याट बिल नं. ७७ | रु. ४५,५९५।०० | विगतमा भएको खर्च अनुमोदन |
| ९. | को १ झ ५५७ | सरु सर्भिसिङ सेण्टर, इटहरी ५, सुनसरीको भ्याट बिल नं. ७८ | रु. २३,९५६।०० | विगतमा भएको खर्च अनुमोदन |

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/०२/२०७८/०७९

निर्णय नं. (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०७८।०७९ मा चिसाङखोला तटबन्धनका लागि विनियोजित बजेटबाट देहाय बमोजिमका तटबन्धन निर्माण आयोजना उपभोक्ता समितिले तटबन्धन कार्य जारी रहँदैका वखत चिसाङ खोलामा मिति २०७९।०१।२७ गतेका दिन आएको बाढीले निर्माण सामाग्री बगाएकाले क्षति पाउँ भनी कार्यालयमा अनुरोध गरेकोमा कार्यालयबाट उक्त मिति र स्थानमा बाढीबाट क्षति भए/नभएको सम्बन्धमा स्थानीय प्रहरी सर्जमिन र वडाको सर्जमिन गर्न लगाइएकोमा ५ नं. वडा कार्यालयको मिति २०७९।०२।०३ गतेको सर्जमिन र रमाइलो प्रहरी चौकीले मिति २०७९।०२।१० गते गरेको सर्जमिन समेतका आधारमा देहायमा उल्लिखित दुवै आयोजनामा तपसिल बमोजिमको क्षति बाढीले पुर्याएको भनी लेखी आएकाले देहाय बमोजिमको राहत रकम उक्त उपभोक्ता समितिहरुलाई उपलब्ध गराउने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहाय

| क्र.सं. | उपभोक्ता समितिको नाम | रमाइलो प्रहरी चौकीको सर्जमिनबाट उल्लेख भएको क्षति मूल्य | ५ नं. वडा कार्यालयको सर्जमिनबाट उल्लेख भएको क्षति मूल्य | प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराइने क्षतिपूर्ति रकम |
|---|---|---|---|---|
| १ | भोजकुमार राई घर पश्चिम चिसाङ खोला तटबन्धन उपभोक्ता समिति | रु. ३,१७,१००।०० | रु. ३,१७,१००।०० | रु. १,००,०००।०० |
| | परिवर्तित टोल पश्चिम चिसाङ खोला तटबन्ध उपभोक्ता समिति | रु. २,४१,३००।०० | रु. २,४१,३००।०० | रु. ९५,०००।०० |
| २ | प्राकृतिक एवम् गैरप्राकृतिक प्रकोपका कारण क्षति भई राहत मागको सिफारिस भई आएका एवम् औषधि उपचारमा आर्थिक अभाव भएकाको कागजात अध्ययन गरी तत्काल राहत र औषधि उपचार सहयोग प्रकोप व्यवस्थापन कोषबाटै उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँपालिकाका अध्यक्षज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। | | | |

निर्णय नं. (८)

प्रस्ताव नं. (८) माथि छलफल गर्दा चिसाङखोलामा आइरहेको बाढीका कारण ५ नं. वडाको चिसाङ पुलमुनि रहेको बस्ती कटान हुने सम्भावना बढेको पाइएकाले उक्त स्थानमा तत्काल तटबन्धको आयोजना (बढीमा तीन लाख रुपैंयासम्मको मात्र) सञ्चालन गर्ने र सो कार्यका लागि लाग्ने खर्च प्रकोप व्यवस्थापन कोषबाट व्योहोर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।